छबिसपाथिभेरा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
ब्याँसी, बझाङ
सुदूरपश्चिम प्रदेश,नेपाल

आज मिति २०८१/०३/२६ गतेका दिन यस छबिसपाथिभेरा गाउँपालिका - अध्यक्ष श्री बसन्त बहादुर चलाउने ज्यूको अध्यक्षतामा गाउँपालिकाको - कार्यपालिकाको बैठक बसी तपसिलको उपस्थितिमा देहाय बमोजिमको निर्णय पारित गरियो ।

उपस्थितिहरु

श्री बसन्त बहादुर चलाउने (गाउँपालिका अध्यक्ष)
श्री लक्ष्मण बोहरा (गाउँपालिका उपाध्यक्ष)
श्री करनजङ्ग ब. सिंह (वडा अध्यक्ष - १)
श्री रविन्द्र ब० मण्डल ( ,, ,, - २)
श्री श्याम बहादुर सिंह ( ,, ,, - ३)
श्री आनन्द ब० दर्जी (का.वा. वडा अध्यक्ष - ४)
श्री जनक ब० धामी (वडा अध्यक्ष - ५)
श्री गजेन्द्र कुमार बुढा ( ,, ,, - ६)
श्री विजय बहादुर धामी ( ,, ,, - ७)
श्री आशा कुमारी कडायत (कार्यपालिका महिला सदस्य)
Saraswati श्री सरस्वती कुमारी सिंह (रेग्मी) ( ,, ,, ,, )
minju श्री मिन्जु कुमारी कडायत ( ,, ,, ,, )
श्री अञ्जना देवी बोहरा ( ,, ,, ,, )
श्री अरुणा वि.क. (कार्यपालिका दलित सदस्य)
विमला श्री विमला देवी वि.क. ( ,, ,, महिला सदस्य)
श्री जगत बहादुर सेठी (प्रमुख प्रशासकीय अधिकृत)
श्री अमर बहादुर थापा (स्वास्थ्य शाखा प्रमुख)
श्री कुलदीप बहादुर धामी (सिअइ १)
श्री मुकेश कु थापा लेखापाल
श्री सत्यराम थापा - सूचना प्राविधिक अधिकृत

अनुसुचि-१
(कार्यविधिको दफा ७ को उपदफा १ सँग सम्बन्धित)
छबिसपाथिभेरा गाँउपालिका
गाँउ कार्यपालिका
कार्यसुचि र समय तालिका

बैठक संख्या:१२ बैठक स्थानःछबिसपाथिभेरा गाँउपालिका

अध्यक्षता:श्री बसन्त बहादुर चलाउने

| मिति | बैठक बस्ने समय | कार्यसुची | कार्यसुची प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|---|
| २०७९।०९।२८ गते | १०:00 बजे बिहान | १-पाल्तिगाँड पुल निर्माण सम्बन्धमा ।<br>२-गाँउपालिकामा क्यान्टिन निर्माण सम्बन्धमा ।<br>३-LISA को नतिजा सार्वजनिक गर्ने सम्बन्धमा ।<br>४-सुचना अधिकारी तोक्ने सम्बन्धमा । | अध्यक्ष | |
| | | | | |
| | | | | |

निर्णय नं १:पाल्तिगाडमा पुल निर्माण सम्बन्धमा ।

निर्णय नं १ माथि छलफल गर्दा यस गाँउपालिका वडा नं ५ खतेडामा रहेको पाल्तिगाँडले बर्षातको समयमा नदीको बाहव बढ्न गई वडा नं ५,६ र ७ मा सवारीसाधानहरु बाट आवतजावत गर्नको लागि अवरोध भई नियमित दैनिक जिवनयापन गर्न निकै कठिन हुने गरेकोले सो समस्यालाई समाधान गर्नका लागि पाल्तिगाँडमा RCC मोटरओवल पुल निर्माणको लागि प्राबिधिक स्टेटमेन्ट तथा नापजाँच गराई काम तत्काल सुरु गर्ने निर्णय सर्व समितिबाट पारित गरियो ।

निर्णय नं२:गाँउपालिकामा क्यान्टिन निर्माण सम्बन्धमा ।

निर्णय नं २ माथि छलफल गर्दा यस गाँउपालिकाको परिसर भित्र रहने गरि क्यान्टिनको निर्माण कार्यको लागि गर्नु पर्ने टेन्डर तत्काल निकाली क्यान्टिन निर्माणको काम तुरुन्तै सुरु गर्ने निर्णय पारित गरियो ।

निर्णय नं ३:LISA को नतिजा सार्वजनिक गर्ने सम्बन्धमा ।

निर्णय नं ३ माथि छलफल गर्दा जिल्ला समन्वय समितिबाट पृष्टपोषण भै आएको यस गाँउपालिकाको LISA को नतिजा ३९.५% यस गाँउ कार्यपालिकाको मिति २०७९।०९।२८ गतेका दिन बसेको बैठकबाट अनुमोदन गरि सार्वजनिक गर्ने निर्णय गर्नुका साथै FRAP को नतिजाको बारेमा समेत समिक्षा गरियो ।

निर्णय नं ४:सुचना अधिकारी तोक्ने सम्बन्धमा ।

निर्णय नं ४ माथि छलफल गर्दा यस गाँउपालिकाको सुचना अधिकारीमा यस कार्यालयमा कार्यरत अधिकृत छैटो तहका श्री हरिचन्द्र कडायतलाई तोक्ने निर्णय पारित गरियो ।